Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np


**कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।**

च.नं. ९०९ /०७९/०८०

मिति: २०७९/११/२३

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवार, काठमाण्डौं

**बिषय : १३ औं बार्षिक साधारण सभाको निर्णय (माईन्युट) पेश गरिएको बारे ।**

महोदय,

यस सिन्धु बिकास बैंक लि. को मिति २०७९/१०/२७ गते सम्पन्न तेह्रौं बार्षिक साधारण सभाद्धारा गरिएको निर्णयहरु (माईन्युट) यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागी पेश गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

बोधार्थ:

श्री नेपाल राष्ट्र बैंक
बैंक तथा बित्तिय संस्था नियमन बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक,
बित्तिय संस्था सुपरिबेक्षण बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड,खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री एनआईबिएलएस क्यापिटल लि. लाजिमपाट, काठमाण्डौं ।

.................................
पुस्कर जि.सी.
कम्पनी सचिव

# सिन्धु बिकास बैंक लिमिटेडको

## तेह्रौ वार्षिक साधारण सभाको निर्णय

सिन्धु बिकास बैंक लि. को **तेह्रौ बार्षिक साधारण सभा (13th Annual General Meeting)** संचालक समितिका अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय भई सुसम्पन्न भयो ।

### १) १३औं बार्षिक साधारण सभा बसेको मिति, समय र स्थान

मिति : २०७९ साल माघ २७ गते शुक्रवार, (तदनुसार १० फेब्रुवरी, २०२३)
समय : विहान ९:०० बजे
स्थान : होटेल सारथी, धुलिखेल, काभ्रेपलाञ्चोक ।

### २) छलफलका बिषयहरु :

**(क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तिय विवरणसँग सम्वन्धित अनुसुचीहरु छलफल गरी पारित गर्ने ।

३) आ.व.२०७९/०८० को लेखा परिक्षण गर्न बाह्य लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिमा संस्थापक शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने ३(तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्याकंन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मुल्याकंनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पुर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

### ३) साधारण सभा सम्बन्धि सुचना :

मिति २०७९ साल माघ ५ गते बसेको संचालक समितिको ३७२औं बैठकको निर्णय अनुसार १३औं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने बिषय समेत खोली पठाईएको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) वमोजिम मिति २०७९ माघ ६ गतेको कारोवार दैनिकमा प्रथम पटक तथा २०७९ माघ २० गतेको कारोवार दैनिकमा दोस्रो पटक शेयरधनी माहानुभावहरुको जानकारीको लागि सूचना प्रकासित गरि, लेखापरिक्षण प्रतिबेदन सहितको आ.व.



Sindhu Bikash Bank Ltd.

२०७८/०७९ को बित्तिय विवरण समावेश भएको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगाना तथा ईमेल मार्फत पठाईएको थियो ।

४) **उपस्थिती :**

**क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम संचालकहरुको उपस्थिती :**

| | |
|---|---|
| १. श्री राजेन्द्र कुमार श्रेष्ठ | : अध्यक्ष |
| २. श्रीमती निभा डंगोल (श्रेष्ठ) | : संचालक |
| ३. श्री दिनेश कुमार के.सी. (प्रतिनिधी : कर्मचारी संचय कोष) | : संचालक |
| ४. श्री संजिव प्रधान | : संचालक |
| ५. श्री बसन्त कुमार कटुवाल | : संचालक |
| ६. श्री समिर कक्षपती | : संचालक |
| ७. श्री सुनिल मान शाक्य | : स्वतन्त्र संचालक |

**ख) अन्य पदाधिकारीहरुको उपस्थिती :**

| | |
|---|---|
| १. श्री राम कुमार गिरी | : प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रमोद न्यौपाने | : नायब महाप्रबन्धक |
| ३. श्री रविन कुँवर क्षेत्री | : व्यवस्थापक |
| ४. श्री पुस्कर जि.सी. | : कम्पनी सचिव |

**ग) शेयरधनीहरुको उपस्थिती :**

| | |
|---|---|
| कुल शेयर संख्या | ५५,७४,५६० कित्ता |
| शेयर धनी स्वयंम उपस्थिती | १४,४३,९६८ कित्ता |
| प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थिती | १५,४२,१५५ कित्ता |
| जम्मा उपस्थिती | २९,८६,१२३ कित्ता |
| उपस्थिती प्रतिशतमा | ५३.५६ प्रतिशत |

**घ) गणपुरक संख्या :**

**१३औं** वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनीहरुले धारण गर्नु भएको शेयर संख्याका आधारमा जम्मा उपस्थिती **५३.५६** प्रतिशत रहेकोले कम्पनी ऐन २०६३ दफा ७३ (२) बमोजिम गणपुरक संख्या पुगेको हुँदा कानूनतः सबै प्रकृया पुरा भएको जानकारी कम्पनी सचिव मार्फत सभालाई जानकारी भयो ।

Sindhu Bikash Bank Ltd.

५) **सभाको बैधानिकता तथा सभापतित्व :**

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै, कम्पनी ऐन २०६३ बमोजिम शेयरधनीहरुलाई पठाईएको सूचना अनुसार शेयरधनी महानुभावहरुको उपस्थिती र गणपुरक संख्या ऐनमा उल्लेख भए वमोजिम पर्याप्त रहेको वयहोरा सभालाई अवगत गराउनु भयो ।

६) **स्वागत मन्तव्य:**

बैंकका संचालक श्री संजिव प्रधानज्यूले यस **१३औं** साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनि महानुभाव तथा उपस्थित अन्य अतिथिहरुलाई बैंकको तर्फबाट मन्तब्य सहित स्वागत गर्नुभयो ।

७) **सभा संचालन तथा प्रतिबेदन प्रस्तुती :**

**१३औं** वार्षिक साधारण सभामा अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आ.व. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो। तत्पश्चात संचालक समितिको प्रतिवेदन, आ.व. २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सानको हिसाव किताव तथा नगद प्रवाहाको विवरण छलफलका लागि प्रस्तुत गर्नु भई, सो उपर छलफल गर्न, र यसका विविध पक्षका बारेमा आफ्नो बिचार, मन्तव्य, प्रतिकृया एवम् जिज्ञासाहरु व्यक्त गर्नको लागि सबै शेयरधनीहरुलाई सामुहिक रुपमा अनुरोध गर्नु भयो ।

८) **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको राय सुझाब तथा प्रतिकृयाहरु** :

(क) **श्री केशव श्रेष्ठ :**

यस बैंकका संस्थापक शेयरधनी श्री केशव श्रेष्ठले बैंकको **१३औं** बार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्दै सिन्धु बिकास बैंकले शेयरधनी महानुभावहरुको लगानीको उचित प्रतिफल दिन बैंकको बित्तिय अवस्थामा सुधार गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

**(ख) श्री दुर्गा बहादुर श्रेष्ठ :**

यस बैंकको संस्थापक शेयरधनी **श्री दुर्गा बहादुर श्रेष्ठले** बैंकको **१३औं** बार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले आफ्नो वित्तिय अवस्थामा सुधार गर्नु पर्ने कुरामा जोड दिनु भयो। उहाँले बैंकले ग्रामिण क्षेत्रको बिकासमा पुऱ्याएको टेवालाई कदर गर्दै आगामी दिनमा सशक्त रुपमा उपलब्ध साधन तथा स्रोतको उच्चतम् परिचालन गरी सम्पूर्ण लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनु पर्ने कुरामा जोड दिनु भयो ।

**(ग) श्री धर्म हर्ष बज्राचार्य :**

यस बैंकका साधारण शेयरधनी श्री धर्म हर्ष बज्राचार्यले बैंकको **१३औं** वार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले गुणस्तरीय सेवा र शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न योग्य कर्मचारी भर्ना गर्नु पर्ने कुरामा जोड दिनु भयो। उहाँले योग्य कर्मचारी नियुक्तीद्धारा बैंकिङ् क्षेत्रमा भएका जोखिम न्यूनीकरण गर्न सकिने बिचार व्यक्त गर्नु भयो। साथै उहाँले बैंकको बित्तिय अवस्थालाई मध्यनजर गर्दै शेयरधनीहरुलाई लाभांश दिन नसकेकोमा गुनासो समेत व्यक्त गर्नु भयो ।

Sindhu Bikash Bank Ltd.

९) **शेयरधनी महानुभावहरुको राय, सुझाव तथा प्रतिकृयाहरु उपर अध्यक्षज्यूको तर्फवाट प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार गिरीको प्रत्युत्तर ।**

यस बैंकका प्रमुख कार्यकारी अधिकृत श्री राम कुमा गिरीले बैंकको समग्र कृयाकलाप प्रति अत्यन्त रुचि राखि सञ्चालक समिति तथा व्यवस्थापनले गरेका काम कार्यवाहीहरु उपर प्रत्यक्ष रुपमा राय, सल्लाह, सुझाव एवम् प्रतिकृया दिई हामीलाई मार्ग दर्शन एवं प्रेरणा प्रदान गर्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्नु भयो ।

छलफलका क्रममा शेयरधनीद्धारा व्यक्त गरिएका सान्दर्भिक बिचार, अमूल्य सुझावहरुलाई सम्भव भएसम्म कार्यन्वयन गर्न बैंक व्यवस्थापन प्रतिवद्ध रहेको कुरा सभालाई जानकारी गरांउदै आगामी दिनहरुमा समेत सकारात्मक सल्लाह एवम् सुझावहरु निरन्तर पाईरहने कुरामा विश्वस्त रहेको कुरा ब्यक्त गर्नु भयो । साथै गत बर्ष कोभिड १९ का कारण उत्पन्न विषम परिस्थिति, घरजग्गा व्यावसायमा आएको मन्दि, जग्गाको कित्ता काटमा भएको समस्या, लामो समय देखिको तरलता संकट आदिका कारण बैंकका केहि ठूला ऋणीहरुबाट कर्जा अशूलीका क्रममा प्राप्त भएको गैह्र बैंकिङ्ग सम्पत्तिलाई समयमै बिकी गर्न नसकी थप समय लागेका तथा संचालन खर्च बढ्दै गएको कारण बैंकको नाफामा केही संकुचन आएकोले शेयरधनीहरुलाई लाभांश प्रस्ताव गर्न नसकिएको जानकारी गराउनुभयो ।

बैंकले साना तथा मझौला कर्जाहरुका साथै प्राथमिकता प्राप्त कर्जा शिर्षकहरुमा लगानी बिस्तार गर्दै लगेको तथा खराव कर्जाहरुको समेत क्रमैसँग व्यवस्थापन हुदै गईरहेको परिपेक्षमा आगामी बर्षहरुमा शेयरधनीहरुलाई उचित लाभांश दिन बैंक व्यवस्थापन कटिबद्ध भएर लागी परिरहेको तथ्य समेत सभालाई जानकारी गराउनु भयो ।

१०) **सभाको निर्णयहरु :**

क) **सामान्य प्रस्ताव उपर निर्णय :**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन सभाद्धारा सर्वसम्मतले पारित गरियो ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तिय विवरणसँग सम्वन्धित अनुसुचीहरु छलफल गरी सभाद्धारा सर्वसम्मतले पारित गरियो ।

३) आर्थिक बर्ष २०७९/०८० को लेखापरिक्षण गर्न बाह्य लेखापरिक्षक नियुक्तीको लागि लेखा परिक्षण समितिको मिति २०७९/१०/२० मा सम्पन्न बैठकको सिफारिस तथा बैंकको संचालक समितिको मिति २०७९/१०/२२ गते सम्पन्न ३७४ औ बैठकद्धारा तपसिलमा उल्लेखित लेखापरिक्षण फर्महरु मध्ये कुनै एक उपयुक्त लेखापरिक्षण फर्म चयन गर्न साधारण सभामा प्रस्ताव पेश गरियो ।

**तपशील**

| सि.नं. | लेखापरिक्षक फर्मको नाम | प्रस्तावित लेखा परिक्षण शूल्क | अन्य खर्च (दैनिक भ्रमण भत्ता, यातायात, होटल खर्च आदि) |
|---|---|---|---|
| १. | श्री सुजन काफ्ले एण्ड एसोसियट्स (CA Sujan Kafle & Laba K Khatri) | रु.३,३०,०००।- | लेखा परिक्षण शूल्कको अधिकतम् २५ प्रतिशतमा नवढ्ने गरी । |
| २. | श्री जे.यस. एसोसियट्स (CA Saroj Suryabanshi) | रु.३,३०,०००।- | रु.३,००० प्रति ब्यक्ती प्रति दिन अथवा रु.५०० प्रति ब्यक्ती दैनिक भत्ता र अन्य सवै खर्च बैंकले ब्यहोर्ने गरी । |
| ३. | श्री जे.के. एण्ड एस.एस. एसोसियट्स (CA Niranjan Choudhary & CA Jagdish Agrawal) | रु.५,००,०००।- | वास्तविक खर्च बिल अनुसार सोधभर्ना हुने गरी । |

Sindhu Bikash Bank Ltd.

उपरोक्त प्रस्तावहरु मध्ये लेखा परिक्षकको कार्य अनुभव, प्रस्तावित मुल्य र मानव संसाधनको उपलब्धताको आधारमा **श्री सुजन काफ्ले एण्ड एसोसियट्स**लाई आ.ब.२०७९/०८० को लागी बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजलाई लेखा परिक्षण शूल्क वापत रु.३,३०,०००/-(अक्षेरुपी तीन लाख तीस हजार मात्रै) (भ्याट बाहेक) भुक्तानी गर्ने तथा अन्य खर्च (दैनिक भ्रमण भत्ता, यातायात, होटल खर्च आदि) वापत लेखा परिक्षण शूल्कको अधिकतम् २५ प्रतिशतसम्म हुन आउने रकम प्रदान गर्ने गरी सभाद्धारा सर्वसम्मतले पारित गरियो ।

४) संचालक समितिका संस्थापक शेयरधनिहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागी निर्वाचन अधिकृत अधिवक्ता श्री सुदर्शन आचार्यले प्रकाशन गर्नु भएको निर्वाचन सम्बन्धी कार्यक्रम अनुसार निर्धारित समय, मिति र स्थानमा ३ जना संस्थापक शेयरधनीहरु श्री राजेन्द्र कुमार श्रेष्ठ, श्री निभा डंगोल र श्री दिनेश कुमार के.सी. (प्रतिनिधी : श्री कर्मचारी संचय कोष) को मात्र मनोनयन पत्र दर्ता हुन आएकाले मनोनयन पत्र दर्ता गर्नु हुने **श्री राजेन्द्र कुमार श्रेष्ठ, श्री निभा डंगोल र श्री दिनेश कुमार के.सी. (प्रतिनिधी : श्री कर्मचारी संचय कोष)** आगामी ४(चार) बर्षे कार्यकालको लागी संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधीत्व हुने गरी संचालक पदमा निर्बिरोध निर्वाचित हुनु भएको ब्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री सुदर्शन आचार्यज्यूले प्रस्तुत गर्नु भएको निर्वाचन सम्बन्धी प्रतिवेदन सभाद्धारा सर्वसमत रुपले पारित गरियो ।

**ख) विशेष प्रस्ताव उपर निर्णय :**

१) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ती (Acquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्याकंन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मुल्याकंनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्नको लागी मर्जर कमिटि गठन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ग) विविध :** विविधमा अन्य केही प्रस्तावहरु नरहेको ।

११) **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार गिरीले यस विकास बैंकको **१३औं (तेह्रौं) बार्षिक साधारण सभामा** उपस्थित भई आफ्नो अमूल्य समय प्रदान गरि यस गरिमामय सभालाई सफल बनाई दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनि महानुभावहरु, अतिथिज्यूहरु, पत्रकार मित्रहरु लगाएत सम्पूर्ण कर्मचारीवर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

साथै सभाका सभाध्यक्ष तथा बैंकका अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठले बैंकका लगानीकर्ताहरुलाई उच्चतम् प्रतिफल दिन निरन्तर क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । आगामी दिनहरुमा बैंकलाई थप सवल र सुदृड गर्न आवश्यक सहयोग, सल्लाह तथा सुझावहरुको अपेक्षा रहेकोले सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरि दिनु हुन समेत शेयरधनी महानुभावहरु, कर्मचारी परिवार, नियमाकारी निकायहरु, पत्रकार मित्रहरुलाई अनुरोध गर्दै उपस्थित सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गरी बैंकको **१३औं (तेह्रौ) बार्षिक साधारण सभा** बिसर्जन भएको घोषणा गर्नु भयो ।

..............................
(पुस्कर जि.सी.)
कम्पनी सचिव

Sindhu Bikash Bank Ltd.

..............................
(राजेन्द्र कुमार श्रेष्ठ)
अध्यक्ष